# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission, Nepal

केन्द्रीय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस-विज्ञप्ति

१२ माघ २०७९

### आत्मदाह गरेका प्रेमप्रसाद आचार्यको घटना सम्बन्धमा आयोगको ध्यानाकर्षण

### सम्मानपूर्वक बाँच्न पाउने नागरिकको अधिकारको सुनिश्चितता गर्न आग्रह ।

पेशा व्यवसायको वातावण नभएको एवम् राज्यका निकायहरुबाट न्याय नपाएको जस्ता विषयलाई सामाजिक सञ्जालमार्फत सार्वजनिक गरी मिति २०७९ माघ ९ गते नयाँ वानेश्वरको संसद भवनअगाडि आत्मदाह गरी घाइते भएका इलामका प्रेमप्रसाद आचार्यको उपचारको क्रममा मृत्यु भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आयोगका माननीय सदस्य लिली थापाले आजै पीडित परिवारका सदस्यसँग भेट गरी घटनाको बारेमा जानकारी लिनुका साथै कानूनी प्रक्रियामा सहजीकरणको पहल गर्नुभएको छ ।

आत्मदाह गर्नु अगाडि निजले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेका विषयहरु लोकतान्त्रिक शासन व्यवस्था अङ्गीकार गरेको राज्यको लागि अत्यन्त सोचनीय र संवेदनशील विषय रहेको छ । राज्यका संयन्त्रबाट नागरिकका समस्याहरु समयमै उचित रुपमा सम्बोधन हुन नसक्दा एउटा नागरिकले अत्मदाह गर्नुपर्ने अवस्था सिर्जना हुनु राज्यको लागि चिन्ताको विषय हो । सेवा प्रवाहमा ढिलासुस्ती, कानुन कार्यान्वयन र सुशासनको अभाव, गरिबी, बेरोजगारी र राज्यका निकायको सामाजिक न्यायमा उदासिनता लगायतका विषयले यसप्रकारका घटनालाई बढावा दिने देखिन्छ ।

नेपालमा पछिल्लो समय आत्महत्याका घटनाहरुमा वृद्धि हुँदै गएको छ । रोजगारीको अभाव तथा पारिवारिक, आर्थिक, समाजिक, साँस्कृतिक, मानसिक स्वास्थ्य आदि कारणले थुप्रै नागरिकहरुले आत्महत्या गरिरहेको पाइएको छ । यस्ता घटनाले मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३, नेपाल पक्षराष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा ६ र नेपालको संविधानको धारा १६ को नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हक र धारा २० को न्यायसम्बन्धी हकको हनन् हुन पुगेको देखिन्छ ।

अत: मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानून र नेपालको संविधानले प्रत्याभूत गरेको कुनै पनि व्यक्तिको बाँच्न पाउने हक र न्याय सम्बन्धी हकको सुनिश्चितताका साथै पेशा व्यवसाय गर्ने र सम्पत्तिको संरक्षण गर्ने वातावरणको निर्माण गरी राज्यको नागरिकप्रतिको दायित्व पूरा गर्न, आत्मदाह गर्न बाध्य पार्नेलाई कुनै न कुनै रुपमा जिम्मेवार बनाउने गरी कानूनी संयन्त्र बनाउन तथा मानसिक स्वास्थ्य उपचार प्रणालीमा व्यापक सुधार गर्दै अस्पताल एवम् स्वास्थ्य चौकीहरुमा आवश्यक जनशक्ति र बजेटको व्यवस्थापन गर्न र यस्ता घटना न्यूनीकरणका लागि जनचेतना अभिवृद्धिका कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

...............................

डा. टीकाराम पोखरेल

प्रवक्ता

(सहसचिव)


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org